परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

4th Anniversary

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

# बर्दिबास विविधतायुक्त भूगोल 'पार्क' बन्न सक्ने सम्भावना, भूगर्भ विज्ञको ठहर



● टक नेपाल

महोत्तरीको बर्दिबास नगरक्षेत्र मुलुककै विविधतायुक्त भूगोल 'पार्क'को सम्भावना बोकेको क्षेत्र रहेको भूगर्भ विज्ञले ठहर गरेका छन्। आफ्नो विद्यावारिधि (पीएचडी)का लागि बर्दिबास क्षेत्रको भूगोल अध्ययन तथा अन्वेषण गरेका भूगर्भ विज्ञ डा. सोमनाथ सापकोटाले यो क्षेत्र प्रागऐतिहासिकदेखि धार्मिक, भौगोलिक, सांस्कृतिक, पुरातात्विक र पर्यावरणीय दृष्टिले अत्यन्तै विविधतायुक्त रहेको बताएका छन्।

जिल्लाको सम्पूर्ण चुरे क्षेत्र ओगटेको बर्दिबास नगरक्षेत्रमा मधेशमै रहेर पनि उच्च पहाडी भेगमा पाइने सुन्तला, जुनारजस्ता फलफूल उत्पादन हुने स्थान भेटिएको डा. सापकोटाको भनाइ छ। "यहाँ अति लोपोन्मुख गिद्धको बासस्थान, सर्पको खानी, दुर्लभ जडीबुटीको भण्डार, महाभारतकालीन धार्मिक स्थल, पाषाण युगकालीन हतियार कारखाना र विभिन्न कालखण्डका भूकम्पीय असरका अवशेष भेटिन्छन्," उहाँले भन्नुभयो।

थप अध्ययन तथा अन्वेषणका क्रममा बर्दिबास आइपुग्नु भएका डा. सापकोटाले बर्दिबास उद्योग वाणिज्य सङ्घका अध्यक्ष विष्णुबहादुर खड्काको संयोजनमा आयोजित अन्तर्क्रृयामा आफ्नो विद्यावारिधिको अनुसन्धानका क्रममा माण्डवीगङ्गा (मडहा), सोनावती (शिरखोला), भब्सी र रातु नदीका उद्गमस्थल तथा चुरे पहाडी शृङ्खलाका भित्ताहरू अध्ययन गर्दा सन् १२५५, १६००, १८३३ र १९३४ का ठूला भूकम्पको असर फेला परेको जानकारी दिनुभयो।

"यहाँको अध्ययनले करिब चार हजार ५०० वर्षभन्दा अघिदेखि नै सघन मानव बसोबाससहितको समुन्नत सभ्यताको झलक दिन्छ," उहाँले भन्नुभयो, "यी विशेषताका आधारमा बर्दिबासलाई विविधतायुक्त भूगोल पार्कका रूपमा विकास गर्न सकिन्छ।"

डा. सापकोटाले नगरपालिकाका जनप्रतिनिधि, नगर कार्यपालिकाका अधिकृत, उद्योग वाणिज्य सङ्घका पदाधिकारी तथा सञ्चारकर्मीसँगको अन्तर्क्रृयामा यस दिशामा अघि बढ्न आग्रह गर्दै तीनै तहका सरकारबीच सहकार्य भए ठूलो बजेट नलाग्ने उल्लेख गर्नुभयो। प्रारम्भिक चरणमा करिब एक करोड ५० लाख रुपैयाँमा यो परियोजना अघि बढाउन सकिने उहाँको भनाइ छ।

बर्दिबास-३ को गौरीडाँडा 'सर्पको खानी'का रूपमा चिनिन्छ भने सोही वडाको राइमण्डलडाँडामा लोपोन्मुख गिद्धको बासस्थान रहेको छ। बर्दिबास-४ को सोलीघोप्टेडाँडा जडीबुटीको भण्डारका रूपमा परिचित छ। बर्दिबास-११ को चनौटेडाँडा चुरे क्षेत्रकै सबैभन्दा अग्लो भूभाग मानिन्छ, जहाँ उच्च पहाडी क्षेत्रमा फल्ने जुनार र सुन्तला उत्पादन हुन्छ।

यसैगरी बर्दिबास-३ पाटु राइमण्डल क्षेत्रमा करिब १० हजार वर्ष पुरानो पाषाण युगकालीन हतियार कारखानाको अवशेष भेटिएको छ। बर्दिबास-५ टुटेश्वरमा महाभारतकालीन शिवालय टुटेश्वरनाथ रहेको विश्वास गरिन्छ भने बर्दिबास-४ माइस्थानमा करिब पाँच हजार वर्ष पुरानो देवी पञ्चधुराको मन्दिर रहेको छ।

यसअघि पुरातत्व विभाग तथा भारतीय भूगर्भ र पुरातत्वविद् टोलीले पनि यहाँको पाषाण युगकालीन हतियार कारखानाको स्थलगत अध्ययन गरी दक्षिणपूर्वी एसियामै यो क्षेत्र विशेष अनुसन्धानयोग्य रहेको निष्कर्ष निकालेको थियो।

त्यस्तै, दुई वर्षअघि बर्दिबास उद्योग वाणिज्य सङ्घको नेतृत्वमा चुरे पर्वत श्रेणीका विभिन्न स्थल समेटेर गरिएको तीन महिने पदयात्राबाट ३८ स्थानलाई पर्यटकीय सम्भावनाका क्षेत्रका रूपमा पहिचान गरी प्रतिवेदन तीनै तहका सरकारलाई बुझाइएको थियो।

उद्योग वाणिज्य सङ्घका अध्यक्ष विष्णुबहादुर खड्काका अनुसार हालसम्म सो प्रतिवेदनमाथि औपचारिक चासो नदेखिए पनि यसले बर्दिबासको पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ।

# बर्दिवासमा eSewa द्वारा डिजिटल सचेतना तथा वित्तीय सशक्तीकरण कार्यक्रम सम्पन्न




● मिथलेश सिंह

महोत्तरीको बर्दिवासमा eSewa ले डिजिटल सचेतना तथा वित्तीय सशक्तीकरण कार्यक्रम सम्पन्न गरेको छ। बर्दिवासस्थित होटल रेड क्राउनमा आयोजना गरिएको कार्यक्रममा eSewa का मर्चेन्ट, व्यवसायी तथा सेवाग्राहीहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

डिजिटल कारोबारलाई सुरक्षित, सरल र प्रभावकारी बनाउने उद्देश्यले सञ्चालन गरिएको यस कार्यक्रममा डिजिटल फ्रड (ठगी) बाट जोगिने उपाय, सुरक्षित डिजिटल कारोबार गर्ने तरिका, ओटीपी तथा पासवर्डको गोपनीयता, शंकास्पद लिंक र कलबाट बच्ने उपायहरूबारे व्यवहारिक जानकारी प्रदान गरिएको थियो।

कार्यक्रममा eSewa तथा eSewa Fonepay प्रयोग गरी नगदरहित कारोबारलाई कसरी प्रवर्द्धन गर्न सकिन्छ, ग्राहकहरूलाई डिजिटल भुक्तानीतर्फ कसरी आकर्षित गर्ने, तथा डिजिटल कारोबारले व्यवसायलाई पारदर्शी र व्यवस्थित बनाउन कसरी सहयोग गर्छ भन्ने विषयमा विस्तृत छलफल गरिएको थियो।

यसैगरी, साना-साना बचतमार्फत दीर्घकालीन वित्तीय लाभ लिन सकिने उपायहरूबारे सहभागीहरूलाई जानकारी दिइयो। दैनिक बचतलाई IPO तथा ISP जस्ता लगानी प्लेटफर्ममार्फत भविष्यमा कसरी लगानी गर्न सकिन्छ भन्ने विषयका साथै, थोरै रकमबाट पनि eSewa मा उपलब्ध बीमा उत्पादन प्रयोग गरी स्वास्थ्य तथा जीवनसँग सम्बन्धित जोखिमबाट सुरक्षा लिन सकिने विषयमा सचेत गराइएको थियो।

कार्यक्रममा eSewa र Citizens Bank को सहकार्यमा उपलब्ध भ्वकथ ियबल सेवाबारे पनि जानकारी दिइएको थियो। सहभागीहरूलाई eSewa मा भएको कारोबारको आधारमा कुनै वित्तीय कागजात पेश नगरी, झन्झट बिना केही सेकेन्डमै Easy Loan लिन सकिने सुविधाबारे जानकारी दिइएको हो। यस सेवाले विशेषगरी मर्चेन्ट तथा साना व्यवसायीहरूको तत्काल आर्थिक आवश्यकतामा सहज समाधान दिने अपेक्षा गरिएको छ।

कार्यक्रमका प्रशिक्षकमा eSewa प्रधान कार्यालयबाट आउनुभएका प्रवीण सत्याल तथा आउटरीच अफिसरहरू आदित्य मिश्र र देव श्रेष्ठ रहनुभएको थियो। प्रशिक्षकहरूले सुरक्षित डिजिटल कारोबार, वित्तीय पहुँच र डिजिटल सशक्तीकरणमार्फत आर्थिक समावेशीकरणलाई अघि बढाउन eSewa निरन्तर प्रतिबद्ध रहेको बताएका थिए।



पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

## दलहरूले समानुपातिक प्रणालीको मर्यादा जोगाऊन्

२१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि दलहरूले आइतबार र सोमबार समानुपातिक प्रणालीतर्फका उम्मेदवारको बन्दसूची निर्वाचन आयोगमा बुझाएका छन् । आयोगको कार्यतालिकाअनुसार उम्मेदवारको नाम संशोधन, उम्मेदवार स्वयंले नाम फिर्ता लिने, रिक्त स्थानमा नयाँ नाम राख्ने जस्ता केही चरणका काम पूरा गर्दै माघ २० गते अन्तिम बन्दसूची प्रकाशित हुनेछ । दलहरूले कस्ता व्यक्तिलाई समानुपातिक उम्मेदवार बनाउनेछन्, उनीहरूलाई बन्दसूचीको प्राथमिकता कसरी राख्नेछन् भन्ने चासो हरेक निर्वाचनका बेला हुने गर्छ, यस पटक पनि छ । विगतमा दलहरूले समानुपातिक प्रणालीकै हुर्मत लिने गरी नाम सिफारिस गर्ने गरेकै कारण यो प्रणालीले नै आलोचना खेप्नुपरिरहेको छ । किनकि, दलहरूले आफन्त, चन्दादाता, व्यापारी तथा व्यवसायीहरूको नाम सिफारिस गर्दा लक्षित वर्गले अवसर पाउनबाट वञ्चित हुने गरेका छन् । जेन-जी आन्दोलनपछिको राजनीतिक परिदृश्यमा दलहरूले विगतका कमजोरीमा सुधार ल्याउनेछन् भन्ने आमअपेक्षा छ । २०४८ सालको जनगणनामा दलितको जनसंख्या १६ प्रतिशत थियो । तर त्यसै वर्ष प्रतिनिधिसभाका २०५ सिटका लागि भएको निर्वाचनमा केवल एक जना दलित मात्रै विजयी भएका थिए । २०५१ र २०५६ को निर्वाचनमा दलितको प्रतिनिधित्व हुनै सकेन । यी तीनवटै निर्वाचनमा लैंगिक रूपमा महिला तथा दलितलगायत अन्य समुदायको प्रतिनिधित्व पनि कमजोर थियो । यस्तो संसद्मा हुने बहस र यसले बनाउने कानुनले समाजको बृहत्तर आकांक्षाको प्रतिनिधित्व गर्नै सक्दैनथ्यो । त्यस्तो संसद् प्रति सबै समुदायको अपनत्व पनि रहँदैनथ्यो । समाजको विविधता राज्यको अंग तथा संस्थाहरूमा पनि प्रतिबिम्बित होस् भन्ने चाहनासहित राज्यको पुनःसंरचनाको माग उठ्यो । त्यसको एउटा प्रयत्नस्वरूप २०६४ पछिका निर्वाचनमा समानुपातिक प्रणाली पनि अपनाउँदै आइएको छ । यसले गर्दा, संसद्मा हुने प्रतिनिधित्व पनि विविधतापूर्ण भइरहेको छ । जस्तो कि, २०६४ र २०७० को निर्वाचनबाट गठित पहिलो र दोस्रो संविधानसभाका ६०१ सदस्यमध्ये दलित सभासदको संख्या क्रमशः ५० र ४० थियो । २०७४ र २०७९ बाट गठित प्रतिनिधिसभाका २७५ सदस्यमध्ये दलित सांसदको संख्या क्रमशः १९ र १६ थियो । दलित प्रतिनिधित्व एउटा सन्दर्भ मात्रै हो, यसबाट समग्र स्थितिलाई पर्गेल्न सकिन्छ ।

# समानुपातिकको बन्दसूचीमा २२ दलले मात्रै दिए ११० स्थानमा उम्मेदवारी

• टक नेपाल

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि समानुपातिक प्रणालीतर्फको बन्दसूची पेस गने ६४ राजनीतिक दलमध्ये २२ दलले मात्रै ११० स्थानमा उम्मेदवारी दिएका छन् ।

निर्वाचन आयोगमा यही पुस १३ र १४ गते पेस भएको बन्दसूचीमा २२ दलले मात्रै समानुपातिकको सबै स्थान ११० उम्मेदवारी मनोनयन गरेका हुन् । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले कूल ६४ दलले सूची बुझाएकामा ५८ दलले ५८ निर्वाचन चिह्नमा उम्मेदवारी दिएको बताए ।

सबै (११०) स्थानमा उम्मेदवारी दिने राजनीतिक दलमा नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिष्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा, मङ्गोल नेशनल अर्गनाइजेशन, लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल कम्युनिष्ट पार्टी (माले), श्रम संस्कृति पार्टी, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, नेपाल सद्भावना पार्टी, जनमत पार्टी, मितेरी पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) रहेको छन् ।

यस्तै नेपाली जनता दल, राष्ट्रिय प्रजातान्त्रिक पार्टी, नेपाल कम्युनिष्ट पार्टी (माओवादी), प्रगतिशील लोकतान्त्रिक पार्टी रहेका छन् । केही दलहरूले साझा निर्वाचन कायम गरी एकापसको सूची मिलाएर ११० स्थानमा बन्दसूची बुझाएका छन् ।

उक्त सूचीअनुसार औसत प्रति निर्वाचन चिह्नमा उम्मेदवारी दिने दलको सत्र्या ६० देखिएको छ । यस्तै न्यूनतम ११ स्थानमा बन्दसूची पेस गने दलको सत्र्या १० रहेको छ । यसैगरी एकल चिह्न लिएका दलहरू १० रहेका छन् ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनमा २०७८ को जनगणनाअनुसार समावेशी समूहको प्रतिशतका आधारमा दलहरूले उम्मेदवारी दिएका छन् ।

यसबिचमा कतिपय दलबीच एकता र सहकार्यको सहमति भएकाले राति अबेरसम्म



बन्दसूची बुझाउने क्रम जारी रहेको थियो । आयोगमा ९३ राजनीतिक दलले यस प्रणालीमा उम्मेदवारी दिन आवेदन दिएकामा जम्मा ६४ दलले मात्रै उक्त प्रणालीका लागि उम्मेदवारी दिएका हुन् । प्राप्त बन्दसूचीका सम्बन्धमा यही पुस १५ देखि ० गतेसम्म छानबिन गर्ने कार्यतालिकाअनुसार काम हुने बताए । आयोगले पुस २० गतेसम्म बन्दसूची छानबिन गरेपछि सच्याउनुपर्ने वा अपुग भाग जति भएमा पुस २१ गतेदेखि २७ गतेसम्म मिलाउन दललाई समय दिनेछ ।

## शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,





- बालबालिका, वृद्ध–वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

**भगहा नगरपालिका, महोत्तरी**
**मधेश प्रदेश, नेपाल**

vianet
अब सबै connected

## डेंगी रोग बाट कसरी बच्ने?

लामखुट्टेको टोकाईबाट हुने डेंगी रोगका बिरामीहरू नेपालमा केही समय यता बढिरहेकाले निम्न रोकथामका उपायहरू अपनाउनु हुन अनुरोध गरिन्छ:-

- पुरा बाहुला भएको लुगा लगाउने
- झुल भित्र मात्र सुत्ने
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- पानी जम्मा गर्ने भाडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने
- साँझ र विहान करेशाबारीमा जाँदा, घर बाहिर टहलिँदा, वा पार्कमा जाँदा / बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने

**औरही नगरपालका**
नगर कार्यपालिको कार्यालय
औरही,महोत्तरी

WebSurfer
THE BROADBAND COMPANY
Fiber Internet, IPTV and Corporate Intranet Services
SUPER FAST
FIBER
INTERNET
HOME & BUSINESS
Fiber Internet
IPTV

# वीरगन्जमा ९ दिनमा २६ सय ६४ क्विन्टल धान खरिद



● टक नेपाल

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड वीरगन्ज शाखाले सोमबारसम्म २ हजार ६ सय ६४ क्विन्टल ९५ किलो धान खरिद गरेको छ।

शाखाका सूचना अधिकृत मुनिलाल कुशवाहाले पुस ६ देखि धान खरिद सुरु गरिएकोमा सोमबारसम्म यति परिमाणमा धान खरिद भएको बताए ।

शाखाले यस वर्षदेखि टोकन प्रणालीबाट किसानको धान खरिद गर्न थालेको हो । यो प्रणालीले कार्यालय र किसान दुबैलाई सहज भएको कुशवाहाले बताए।

यसअघिनै किसानलाई ४० क्विन्टल धान खरिदको दरले टोकन वितरण गरिसकेकाले किसानले आफ्नो पालो परेको दिनमात्र धान बिक्री गर्न ल्याइरहेकाले अघिल्ला वर्षको जस्तो भीड नभई व्यवस्थित ढंगबाट खरिदबिक्री भइरहेको उनले बताए ।

धान खरिद गर्नुअघि कार्यालयबाट १ सय ७० वटा टोकन वितरण गरिएको थियो। केही किसानले शीतलहरका कारण धान ल्याउन अप्ठेरो भएको बताइरहेका छन् । लक्ष्य अनुरुप टोकन लगेका किसानले धान नल्याए वैकल्पिक व्यवस्थाका लागि थप एक दर्जन किसानलाई टोकन वितरण गरिएको उनले बताए ।

टोकन पाएका किसानबाट लक्ष्य अनुरुप धान नआए प्रतिक्षा सूचीमा रहेका किसानबाट खरिद गरिने उनले बताए ।

हालसम्म पर्सा, बारा र रौतहट जिल्लाबाट समेत किसानले धान बिक्रीका लागि ल्याइसकेका छन् । शाखाबाट सर्लाहीका किसानले पनि टोकन लगेका छन् ।

यस वर्ष शाखाले १० हजार क्विन्टल धान खरिदको कोटा पाएको छ । टोकन लगेका किसानबाटै यति परिमाणमा धान खरिद हुने सम्भावना रहेको कुशवाहा बताउँछन् । यस वर्ष पनि शाखाले सोना मन्सुली धान मात्र खरिद गरिरहेको छ। सोना मन्सुली धानको समर्थन मूल्य संघीय सरकारले यस वर्ष प्रतिक्विन्टल ३ हजार ६ सय २८ रुपैयाँ ३३ पैसा निर्धारण गरेकाले शाखाले पनि सोही मूल्यमा खरिद गरिरहेको छ।

गत वर्ष शाखाले ४२ हजार क्विन्टल धान खरिदको कोटा पाएको थियो । तर निजी क्षेत्रबाटै राम्रो मूल्य पाएपछि शाखामा लक्षित परिमाणमा धान बिक्री गर्न किसान आएनन् । गत वर्ष ३२ हजार क्विन्टल सोना मन्सुली र १० हजार क्विन्टल जिरा मसिनो धान खरिदको लक्ष्य शाखाको थियो ।

सामान्यतया खाद्यले धान खरिद सुरु गर्नुअघि यस भेगमा निजी व्यवसायीले धान खरिद सुरु गरी सक्छन् । निजी क्षेत्रले सरकारले तोकेको समर्थन मूल्य भन्दा बढी मूल्य दिएपछि किसानले खाद्यलाई भन्दा व्यापारीलाई धान बिक्री गर्न रुचाउँछन्।

यस वर्ष व्यापारीले धानको मूल्य नबढाउँदै खाद्यले धान खरिद सुरु गरेकाले किसानले खाद्यलाई नै बिक्री गर्न ल्याएका छन् । यस वर्ष माघ ४ सम्म लक्ष्य अनुरुपको धान खरिद गरिसक्ने योजना रहेको कुशवाहाले बताए ।

# बंगलादेशकी पहिलो महिला प्रधानमन्त्री खालिदा जियाको संघर्ष, सत्ता र जेलयात्रा

● टक नेपाल



बंगलादेशकी पहिलो महिला प्रधानमन्त्री तथा बंगलादेश नेशनल पार्टीकी अध्यक्ष खालिदा जियाको ८० वर्षको उमेरमा निधन भएको छ। उनी अस्पतालमा उपचार गराइरहेकी थिइन् ।

चिकित्सकहरुका अनुसार जियालाई लिबर सिरोसिस, अर्थाइटिस, मधुमेह, छाति र हृदय सम्बन्धी समस्या थियो । स्थानीय समयअनुसार मंगलबार बिहान ६ बजे अस्पतालमा जियाको निधन भएको जानकारी बिएनपीले विज्ञप्तिमार्फत दिएको छ ।

'हामी उहाँको आत्माको चीर शान्तिको कामना गर्दछौ,' विज्ञप्तिमा भनिएको छ । बंगलादेशको अन्तरिम सरकारका सल्लाहकार मोहम्मद युनुसले देशले एक अभिभावक गुमाएको बिताएका छन् ।

'देशलाई अलोकतान्त्रिक अवस्थाबाट मुक्त गर्नका लागि उहाँले धेरैपटक संघर्ष गर्नुभयो । आफ्नो सम्झौताहिन नेतृत्वमार्फत स्वतन्त्रता प्राप्तिका लागि प्रेरित गर्नुभयो,' नोबेल शान्ति पुरस्कार विजेता युनुसले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

भारतमा निर्वासित जीवन बिताइरहेकी अपदस्थ प्रधानमन्त्री शेख हसिनाले प्रजातन्त्रका लागि खालिदाले गरेको संघर्ष सबैले सधैं संभने बताएकी छिन् । 'बीएनपीकी अध्यक्ष तथा पूर्व प्रधानमन्त्री बेगम खालिदा जियाको निधनमा गहिरो श्रद्धान्जली प्रकट गर्दछु । बंगलादेशको पहिलो प्रधानमन्त्री र बंगलादेशमा प्रजातन्त्र स्थपाना गर्ने संघर्षमा उहाँको ठूलो योगदान थियो,' हसिनाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

हसिना प्रशासनले सन् २०१८ देखि जियालाई केही समय जेल र सन् २०२० देखि घरमै नजर बन्दमा राखेको थियो । उनलाई विदेशमा उपचार गर्न जान पनि रोक थियो । गत वर्ष विद्यार्थी आन्दोलन सफल भएर हसिना अपदस्थ भएको छोटो समयमै जिया सार्वजनिक कार्यक्रममा देखिइन् ।

गत नोभेम्बरमा खालिदाले आगामी निर्वाचन प्रचार अभियानमा सरिक हुने घोषणा गरेकी थिइन् । तर त्यसको छोटो समयमै उनी अस्पताल भर्ना हुनुपर्‍यो ।बंगलादेशमा १२ फेब्रुअरीमा आम चुनाव हुँदैछ । यस निर्वाचनमा बिएनपीले सबैभन्दा धेरै सिट ल्याउने प्रक्षेपण गरिएको छ ।

जियाका छोरा तारिक रहमान १७ वर्षको निर्वासनपछि स्वदेश फर्किएर पार्टीको प्रचारमा जुटिसकेका छन् । कार्यकारी अध्यक्ष तारिककै नेतृत्वमा यसपटक बीएनपीले निर्वाचनमा प्रतिस्पर्धा गर्दैछ ।

**राजनीतिक संघर्ष, सत्ता र जेल**

सन् १९४५ मा तत्कालीन ब्रिटिस भारतको बंगाल प्रान्तस्थित जलपाइगुडीमा खालिदाको जन्म भएको थियो । सन् १९४७ मा भारतको स्वतन्त्रता र बंगालको विभाजनपछि उनको परिवार पूर्वी पाकिस्तान (अहिलेको बंगलादेश) को दिनाईपुर सरेको थियो ।

१९६० मा १५ वर्षको उमेरमा जियाको विवाह जियाउर रहमानसँग भएको थियो, जो त्यतिबेला पाकिस्तानी सेनामा क्याप्टेन थिए । त्यसपछि खालिदाले आफ्नो नामको पछाडि जिया लेख्न थालिन् ।

जियाउर रहमानले पाकिस्तानी सेनामा विद्रोह गरेर बंगलादेशलाई स्वतन्त्रता दिलाउने युद्धमा अग्रणी भूमिका खेलेका थिए । उनी 'स्वतन्त्रताको घोषणाकर्ता' भनेर पनि चिनिन्छन्, किनकी २७ मार्च, १९७१ मा चिट्टागंगस्थित कलुरघाट रेडियो स्टेशनबाट उनले नै बंगलादेश स्वतन्त्र भएको पहिलो सार्वजनिक घोषणा गरेका थिए ।

बंगलादेशको स्वतन्त्रतापछि सेना प्रमुख र कालान्तरमा राष्ट्रपति बनेका जियाउरको राष्ट्रपति छँदै १९८१ मा एक सैनिक विद्रोहमा हत्या भयो । ३५ वर्षकी जियाले यसपछि आफ्ना दुई छोराको अभिभारा, पतिले छाडेको राजनीतिक विरासत र बंगलादेशमा लोकतान्त्रिक आन्दोलनको झन्डा एकसाथ उठाइन् ।

जियाउरले स्थापना गरेको बंगलादेश नेशनल पार्टी (बिएनपी) को नेतृत्व सन् १९८४ मा खालिदाले लिइन् । उनले सैन्य शासक हुसैन मोहम्मद ईरशादलाई अपदस्थ गर्ने लोकप्रिय प्रजातान्त्रिक आन्दोलनको नेतृत्व गरिन् ।

## शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,





- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

सोनमा गाउँपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल



# मधेश प्रदेशको सरकार विस्तार भयो

● टक नेपाल

सिरहा । मन्त्रालयको भागबण्डा टुंग्याउने प्रयासका बीच मधेश प्रदेश सरकार का सत्तारुढ दलहरूको मंगलबार बैठकबाट सहमति गर्दै मन्त्रालय विस्तार हुने सम्भावना प्रबल रहेको छ।

मधेश प्रदेश सरकार गठन भएको २६ औं दिनमा पनि सात दलीय गठबन्धनबीच भागवण्डा नमिल्दा मन्त्रिमण्डल विस्तार हुन सकिरहेको थिएन। मंगलबार विहान ८ बजे ६ दलीय गठमन्धनको बैठक बसेर मन्त्रालय बाँडफाँटको टुंगो लगाइने छ भने साँझसम्म मन्त्रालयले पूर्णता पाउने सम्भावना रहेको स्रोतले दाबी गरे। यता जसपा नेपाल र लोसपा नेपाल बीच एकीकरणले मधेशमा




ठूलो दलको रुपमा उदाएपछि मधेश प्रदेश सर कारमा तीन मन्त्रालयमाथि दाबी गरेको बताइएको छ। जसपा नेपालले भौतिक पूर्वाधार विकास मन्त्रालय पाउने टुंगो लागे पनि अन्य थप दुई वटा मन्त्रालयमा दाबी गरिरहेको बताइन्छ।

त्यस्तै नेपाली कांग्रेसले पनि थप तीन मन्त्रालयमा आफ्नो दाबी गरेको छ भने नेकपा माओवादी केन्द्रले नेकपा एससंग एकीकरण गरेपछि नेपाल कम्युनिष्ट पार्टीले समेत थप दुईवटा मन्त्रालयमा दाबी कायमै राखेको जनाइन्छ। यता जनमत पार्टीले पनि दुई मन्त्रालयमा दाबी गरिरहेको स्रोतको भनाइ छ।

प्रदेश सरकारमा रहेका दलहरु नै भागवण्डामा संख्यात्मक रुपभन्दा बढी मन्त्रालयमाथि दाबी गर्न थालेपछि मन्त्रिपरिषद् विस्तारमा समस्या देखिएको छ। यद्यपि मंगलबार वा बुधबारसम्ममा प्रदेश सरकारलाई पूर्णता दिने मुख्यमन्त्री यादवको चाहना रहेको छ। मधेश प्रदेश सरकारमा रहेका ११ मन्त्रालयमध्ये हालसम्म ५ जना मात्र मन्त्री नियुक्त भए पनि ६ वटा मन्त्रालय मुख्यमन्त्री यादवसँगै रहेको छ।

यसअघि बसेको सत्तारुढ दलको बैठक भागवण्डाकै कारण निष्कर्षविहीन बनेको थियो। जसपा नेपालका संसदीय दलका नेता सरोज यादवका अनुसार मंगलबार बिहान ६ दलीय गठबन्धनको बैठकबाट सबैको सहमतिमै प्रदेश सरकारले पूर्णता पाउने छ। कांग्रेसका कृष्ण प्रसाद यादव नेतृत्वको सरकार सात दलीय गठबन्धनको समर्थनमा मंसिर १९ गते गठन भएको छ।

## शिक्षा बिना विकास सम्भव छैन : सभामुख यादव



● टक नेपाल

मधेश प्रदेशका सभामुख रामअशिष यादवले शिक्षा बिना कुनैपनि विकास सम्भव नरहेको बताएका छन्। जनकपुरधामस्थित मोनाष्टिक इङ्ग्लिस बोर्डिङ स्कुलद्वारा आयोजित एक कार्यक्रममा सभामुख यादवले समाजिक विकासका लागि शिक्षा नै मूल आधार रहेको बताउँदै शक्षा बिना समुन्नत, सभ्य र सक्षम समाजको परिकल्पना गर्न नसकिने स्पष्ट पारे।

सभामुख यादवले विश्वका विकसित र समृद्ध राष्ट्रहरूको उदाहरण प्रस्तुत गर्दै शिक्षामा निरन्तर लगानी गरेका मुलुकहरू नै आज विकास र समृद्धिको बाटोमा अघि बढिरहेको बताए। 'शिक्षा कुनै एक वर्ग वा समुदायका लागि मात्र नभई समाजका हरेक तह र तप्काका व्यक्तिका लागि आवश्यक छ,' उनले भने, 'शिक्षाको उज्यालोले मात्र समाजमा चेतना, नैतिकता र जिम्मेवारीको विकास हुन्छ।' सभ्य समाज निर्माणमा शिक्षा र शिक्षकको भूमिकालाई अत्यन्तै महत्वपूर्ण बताउँदै सभामुख यादवले शिक्षकलाई सम्मान र शिक्षालाई प्राथमिकता दिन सके मात्र देशको भविष्य सुरक्षित हुने धारणा व्यक्त गरे।

उनले शिक्षाले पुस्तौं पुस्तासम्म समाजलाई समुन्नत बनाउँदै लैजाने प्रमुख माध्यमको रूपमा काम गर्ने उल्लेख गरे। त्यसैले विद्यालयहरूले विद्यार्थीलाई किताबी ज्ञानमा मात्र सीमित नराखी नैतिक शिक्षा, संस्कार, अनुशासन र सामाजिक मूल्य-मान्यतामा पनि ध्यान दिनुपर्ने आवश्यकता औंल्याए।

सभामुख यादवले वर्तमान प्रतिस्पर्धात्मक युगमा विद्यार्थीहरूलाई व्यवहारिक, नैतिक र जीवनोपयोगी शिक्षा दिन सके मात्र उनीहरू सक्षम नागरिकका रूपमा स्थापित हुन सक्ने बताए। 'शिक्षा केवल परीक्षा पास गर्ने साधन होइन, असल नागरिक बनाउने माध्यम हो,' उनले जोड दिए। कार्यक्रममा विद्यालयका सञ्चालक, शिक्षक, अभिभावक तथा विद्यार्थीहरूको उपस्थितिमा सम्पन्न सो कार्यक्रममा विद्यालयको शैक्षिक क्षेत्रमा पुर्‍याएकाहरुलाई सम्मानित गरिएको थियो।

## जनमत पार्टीले देशभर राष्ट्रिय पोशाक (धोती) दिवस मनाउने

● टक नेपाल

जनमत पार्टीले राष्ट्रिय पोशाक (धोती) दिवस देशभर भव्य रूपमा मनाउने भएको छ। पार्टीको केन्द्रीय कार्यकारिणी समितिको निर्णयअनुसार मिति २०८२ पुस १७ गते (बिहीबार) देशभरका सबै जिल्लामा जिल्ला स्तरीय सदरमुकामहरूमा कार्यक्रम आयोजना गरिने जनाइएको छ। केन्द्रीय समितिद्वारा जारी सूचनाअनुसार राष्ट्रिय पहिचान झल्किने धोती, कुर्ता लगायतका पोशाक लगाएर कार्यक्रम गरिनेछ। यस अभियानमार्फत नेपाली मौलिकता, सांस्कृतिक पहिचान र राष्ट्रिय पोशाकको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्य लिइएको पार्टीले जनाएको छ।

जनमत पार्टीका महासचिव चन्दन कुमार सिंहद्वारा हस्ताक्षरित सूचनामा पार्टीका सबै समिति, कार्यकर्ता तथा शुभेच्छुकलाई आ-आफ्नो जिल्लामा सक्रिय सहभागिता जनाउन आग्रह गरिएको छ।




अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न विभागहरुको विशेषज्ञ डाक्टहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014